विधेयक संख्याः

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

२०८१

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं।

# उद्देश्य र कारण

नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पेश गर्ने र सो प्रक्रियामा हुने छलफलको लागि पर्याप्त समय उपलब्ध गराउन, बजेट प्रणाली बाहिरका सार्वजनिक निकायबाट नेपाल सरकारलाई पर्ने थप आर्थिक दायित्वलाई व्यवस्थित गर्न र बेरुजु फछ्यौंटलाई प्रभावकारी बनाउने उद्देश्यले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र सरोकारवाला मन्त्रालय तथा निकायको राय परामर्श तथा सहमति लिई यस मन्त्रालयले सङ्घीय संसदमा प्रस्तुत गर्ने स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई सरकारी विधेयकको रूपमा सङ्घीय संसदमा पेश गर्न परेको हो।

(विष्णुप्रसाद पौडेल)
उपप्रधानमन्त्री तथा अर्थ मन्त्री

# सैद्धान्तिक अवधारणा

वार्षिक बजेट पेश गर्ने क्रममा बजेट तथा कार्यक्रमको सम्बन्धमा छलफल गर्न सङ्घीय संसदलाई पर्याप्त समय उपलब्ध गराउने उद्देश्यले प्रचलित विद्यमान नीति तथा कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी प्रस्तावित कार्ययोजनामा भएको व्यवस्था तथा बजेट प्रणाली बाहिरका सार्वजनिक निकायबाट नेपाल सरकारलाई पर्ने थप आर्थिक दायित्वलाई व्यवस्थित गर्ने र बेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाउने सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का तत् तत् विषयसँग सम्बन्धित दफाहरूमा समय सापेक्ष संशोधन गरी कार्यान्वयन गर्न र सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन, व्यवस्थापन तथा सोसँग सम्बन्धित आर्थिक गतिविधिलाई व्यवस्थित गर्न आवश्यक भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट सङ्घीय संसदमा पेश गर्न मिति २०८१।०३।१७ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन को कारण | प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा २५ को उपदफा (६) | लेखा राख्ने प्रक्रिया तोक्न सक्ने। | लेखा राख्ने व्यवस्था तोक्न सकिने। | प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले त्यस्तो तह वा निकायसँग सम्बन्धित प्रचलित कानूनको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयको स्वीकृति बमोजिम लेखा राखिने। |

# व्याख्यात्मक टिप्पणी

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | दफा २० को दफा शीर्षक | रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन। | कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई समेत समावेशगरी रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी व्यवस्था गरिएको भएकोले। |
| २. | दफा २२ | वित्तीय हस्तान्तरण। | प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था स्पष्ट गरिएको। |
| ३. | दफा २४ को दफा शीर्षक | खर्चको मापदण्ड, निर्देशिका वा दिग्दर्शन। | खर्चको मापदण्ड, निर्देशिका वा दिग्दर्शन स्पष्ट गरी खर्च गर्ने व्यवस्था गरिएको। |

# आर्थिक टिप्पणी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ कार्यान्वयनमा रहेको र उक्त ऐन बमोजिम सिर्जना हुने आर्थिक दायित्वका पक्षहरू सालवसाली बजेटमा नै विनियोजन गरी व्यवस्थित गरिएकोले प्रस्तावित संशोधनका प्रावधानको कार्यान्वयनबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिंदैन।

# <u>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>**प्रस्तावना:**</u> आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ मा संशोधनः**</u> आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छः-

"(ण१) "बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय" भन्नाले कार्यालय बाहेक प्रचलित कानून बमोजिम संस्थापना वा गठन भएको नेपाल सरकारले अनुदान दिने वा कुनै विषयमा प्रचलित कानून बमोजिम नियमनकारी जिम्मेवारी रहेको आयोग, परिषद्, प्राधिकरण, बोर्ड, कोष, समिति वा यस्तै

प्रकृतिको सार्वजनिक निकाय सम्झनु पर्छ।"

(२) खण्ड (व) मा रहेका "फस्यौंट सम्बन्धी कार्यलाई" भन्ने शब्दहरुको सट्टा "फस्यौंट तथा लगत कट्टा गर्ने कार्यलाई" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) मा रहेका “माघ पन्ध्र गतेभित्र” भन्ने शब्दहरुको सट्टा “माघ मसान्तभित्र” भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (७) मा रहेको “प्रतिवेदन” भन्ने शब्द पछि “प्रत्येक वर्षको फागुन सात गतेभित्र” भन्ने शब्दहरु थपिएका छन्।

४. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) योजना आयोगले दफा ७ बमोजिमको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा

चालू आर्थिक वर्षको फागुन सात गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनु पर्नेछ। त्यसरी बजेट सीमा, मार्गदर्शन तथा ढाँचा पठाउँदा अर्थ मन्त्रालयबाट अनुदान शीर्षकगत सीमा विभाजन माग गरी सोही बमोजिम पठाउनु पर्नेछ।"

५. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेका "निर्धारित ढाँचामा" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयले लागू गरेको मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मा" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

(३) यस दफा बमोजिम बजेट विनियोजन गर्दा मुलुकको आर्थिक स्थिति र खर्च गर्न सक्ने क्षमता समेतको आधारमा अर्थ मन्त्रालयले बजेट तथा कार्यक्रम प्रस्ताव गर्न वा प्रस्ताव भएको बजेट तथा कार्यक्रममा थपघट तथा परिमार्जन गरी अन्तिम रूप दिन सक्नेछ। प्रस्तावित बजेट तथा कार्यक्रममा कुनै थपघट तथा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।"

७. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका "पन्ध्र दिन अगावै" भन्ने शब्दहरुको सट्टा "तीन महिना अगावै" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "चैत महिनाको पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (४) मा रहेका "प्राथमिकताको सम्बन्धमा" भन्ने शब्दहरु पछि "फागुन महिनाको सात गतेभित्र" भन्ने शब्दहरु थपिएका छन्।

८. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को,-

(१) उपदफा (२) मा रहेका "कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी" भन्ने शब्दहरुको सट्टा "कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने गरी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) कार्यालयले क्रमागत तथा बहुवर्षीय आयोजनाको सङ्ख्या र सिर्जित दायित्व समेत विश्लेषण गरी दफा २४ को उपदफा (४) बमोजिम अर्थ मन्त्रालयले तोकेको मापदण्डको अधीनमा रही सम्बन्धित मन्त्रालयको आगामी

वर्षको बजेट सीमाभित्र स्रोत व्यवस्थापन गर्न सकिने पुष्ट्याईं सहित योजना आयोग र अर्थ मन्त्रालयमा बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रस्ताव गर्न सक्नेछ।

(२ख) उपदफा (२क) बमोजिम प्रस्ताव प्राप्त भएमा अर्थ मन्त्रालयले स्रोत परिचालन, सञ्चित कोषको अवस्था, सम्भावित स्रोत उपलव्धता, त्यस्तो आयोजनाको औचित्य तथा आवश्यकता समेतका आधारमा स्रोत सहमति दिन सक्नेछ।"

(३) उपदफा (३) मा रहेका "व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन" भन्ने शब्दहरुको सट्टा "व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व, प्रतिबद्धता व्यवस्थापन र स्रोत सहमति" भन्ने शब्दहरु राखिएका छन्।

९. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

“(६क) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्‌बाट क्षति भएको संरचना पुनर्निर्माण गर्नु पर्ने भई रकम उपलब्ध गराउनु पर्ने भएमा सम्बन्धित सङ्घीय मन्त्रालय वा निकायको वार्षिक स्वीकृत कार्यक्रममा नपरेको भए तापनि त्यस्तो मन्त्रालय वा निकायको मागको आधारमा विनियोजित

कुल बजेटको सीमाभित्र रही अर्थ मन्त्रालयले त्यस्तो रकम निकासा दिन सक्नेछ।"

१०. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को,-

(१) दफा शीर्षकमा रहेका "रकमान्तर तथा स्रोतान्तर" भन्ने शब्दहरूको सट्टा "रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएको वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ।"

(३) उपदफा (५) मा रहेका "रकमान्तर तथा स्रोतान्तर सम्बन्धी" भन्ने शब्दहरुको सट्टा "रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी" भन्ने शब्दहरु राखिएका छन्।

११. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को,-

(१) उपदफा (२) मा रहेका “पहिलो चौमासिकसम्म” भन्ने शब्दहरुको सट्टा “असोज मसान्तसम्म” भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेका “दोस्रो चौमासिकसम्म" र “चैत पन्ध्र गतेभित्र” भन्ने शब्दहरुको सट्टा क्रमशः “माघ पन्ध्र गतेसम्म" र “फागुन पाँच गतेभित्र” भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (४) मा रहेका “आर्थिक वर्षको दोस्रो चौमासिकसम्म” भन्ने शब्दहरुको सट्टा “फागुन मसान्तसम्म” भन्ने शब्दहरु राखिएका छन्।

१२. **मूल ऐनको दफा २२ मा संशोधनः** मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. **वित्तीय हस्तान्तरणः** (१) सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानून बमोजिम अर्थ मन्त्रालयबाट हुनेछ।

(२) अनिवार्य दायित्व अन्तर्गतको तलब, भत्ता लगायतका कर्मचारीको सेवा सुविधा बापतको रकम विषयगत मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहमा पुनः वित्तीय हस्तान्तरण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम सशर्त, समपूरक वा विशेष अनुदान बापत प्रदेश वा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले त्यस्तो बचत रकम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।"

१३. **<u>मूल ऐनको दफा २४ मा संशोधनः</u>** मूल ऐनको दफा २४ को,-

(१) दफा शीर्षकमा रहेका “खर्च गर्ने कार्यविधि र मापदण्ड” भन्ने शब्दहरुको सट्टा “खर्चको मापदण्ड, निर्देशिका वा दिग्दर्शन” भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) मा रहेका "खर्चको मापदण्ड तोक्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "खर्चको मापदण्ड, निर्देशिका, दिग्दर्शन वा आवधिक नगद योजना बनाउन सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (५) मा रहेका "मापदण्डको पालना" भन्ने शब्दहरुको सट्टा "मापदण्ड, निर्देशिका, दिग्दर्शन तथा आवधिक नगद योजनाको पालना" भन्ने शब्दहरु राखिएका छन्।

१४. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले त्यस्तो तह वा निकायसँग सम्बन्धित प्रचलित कानूनको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिए बमोजिम लेखा राख्नु पर्नेछ।

(२) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) कार्यालय, प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको खाता त्यस्तो सार्वजनिक निकाय गठनसँग सम्बन्धित प्रचलित कानूनको अधीनमा रही बैङ्कले निर्धारण गरे बमोजिम सञ्चालन हुनेछ।"

१५. **मूल ऐनको दफा ४० मा संशोधनः** मूल ऐनको दफा ४० को उपदफा (४) पछि देहायको उपदफा (४क.) थपिएको छः-

"(४क.) दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा बेरुजुको व्यहोरा सहित बुँदागत रुपमा उल्लेख भई दफा ४१ को उपदफा (१) बमोजिम छलफल हुने

बाहेकको बेरुजु यस दफा बमोजिम फस्यौंट गरी र असुल उपर गर्नु पर्ने भनी औंल्याइएको बेरुजु रकम असुल उपर गरी सञ्चित कोषमा दाखिला गरेको निस्सा सहित पेश भएको बेरुजुको लगत कट्टा गर्न बाधा पुगेको मानिने छैन। त्यसरी लगत कट्टा भएमा सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।"

१६. **<u>मूल ऐनको दफा ६२ मा संशोधनः</u>** मूल ऐनको दफा ६२ को,-

(१) उपदफा (२) मा रहेका "महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "महालेखा नियन्त्रक कार्यालयको" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयको" भन्ने शब्दहरु राखिएका छन्।

१७. **<u>मूल ऐनको दफा ६५ मा संशोधनः</u>** मूल ऐनको दफा ६५ को,-

(१) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-

"(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक

मार्गदर्शन, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा प्रणाली बनाउन सक्नेछ। तर एउटै प्रणाली अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले बनाउन सक्ने छैन।

(३) उपदफा (२) बमोजिम अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा प्रणाली नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजित रकम खर्च गर्ने सम्बन्धमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, अन्य प्रचलित कानून वा उपदफा (३) बमोजिम स्वीकृत मार्गदर्शन, मापदण्ड, कार्यविधि, निर्देशिका वा दिग्दर्शनमा व्यवस्था नभएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले विनियोजित बजेटको सीमाभित्र रही आवश्यक कार्यविधि बनाउन सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।"

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (ण) पछि खण्ड (ण१) थपिएको। | साविकमा नभएको | (ण१) बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय" भन्नाले कार्यालय बाहेक प्रचलित कानून बमोजिम संस्थापना वा गठन भएको नेपाल सरकारले अनुदान दिने वा कुनै विषयमा प्रचलित कानून बमोजिम नियमनकारी जिम्मेवारी रहेको आयोग, परिषद्, प्राधिकरण, बोर्ड, कोष, समिति वा यस्तै प्रकृतिको सार्वजनिक निकाय सम्झनु पर्छ। | मूल ऐनमा बजेट प्रणाली बाहिरका सार्वजनिक निकायलाई परिभाषित नगरिएको त्यस्तो परिभाषा थप गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २. | दफा २ को खण्ड (व) मा संशोधन। | (व)“सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरूजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने **फस्यौंट सम्बन्धी कार्यलाई** सम्झनु पर्छ र सो शब्दले प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फस्यौंटलाई समेत जनाउँछ। | (व)“सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरूजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने **फस्यौंट तथा लगत कट्टा गर्ने कार्यलाई** सम्झनु पर्छ र सो शब्दले प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फस्यौंटलाई समेत जनाउँछ। | सम्परीक्षणको परिभाषामा “लगत कट्टा” सम्बन्धी कार्यलाई समेत समेटनु पर्ने भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | | |
| ३. | दफा ७ को उपदफा (१) मा संशोधन। | (१) योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको **माघ पन्ध्र गतेभित्र** गरिसक्नु पर्नेछ। | (१) योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको **माघ मसान्तभित्र** गरिसक्नु पर्नेछ। | खर्चको सीमाको पूर्वअनुमान गर्न समयसीमा बढाउन आवश्यक भएकोले। |
| ४. | दफा ७ को उपदफा (७) | (७) स्रोत अनुमान समितिले उपदफा (३) र (५) बमोजिम | (७) स्रोत अनुमान समितिले उपदफा (३) र (५) बमोजिम | स्रोतको अनुमान र खर्चको सीमा निर्धारण |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | मा संशोधन। | तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी **<u>प्रतिवेदन</u>** अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ। | तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी **<u>प्रतिवेदन प्रत्येक वर्षको फागुन सात गतेभित्र</u>** अर्थ मन्त्री समक्ष पेश गर्नु पर्नेछ। | सम्बन्धी प्रतिवेदन पेश गर्ने अवधि तोक्न आवश्यक भएकोले। |
| ५. | दफा ८ को उपदफा (१) को सट्टा नयाँ उपदफा (१) राखिएको। | (१) योजना आयोगले दफा ७ बमोजिमको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा | (१) योजना आयोगले दफा ७ बमोजिमको स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत | राष्ट्रिय गौरवका आयोजनाको स्रोत सुनिश्चितता तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको ढाँचा पेश गर्ने अवधि परिमार्जन गर्न आवश्यक भएकोले। |

| क.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | ढाँचा चालू आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनु पर्नेछ। | सुनिश्चितता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालू आर्थिक वर्षको फागुन सात गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनु पर्नेछ। त्यसरी बजेट सीमा, मार्गदर्शन तथा ढाँचा पठाउँदा अर्थ मन्त्रालयबाट अनुदान शीर्षकगत सीमा विभाजन माग गरी सोही बमोजिम पठाउनु पर्नेछ। | |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ६. | दफा ९ को उपदफा (१) मा संशोधन। | (१) लेखा उत्तरदायी अधिकृतले दफा ८ बमोजिम प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही **निर्धारित ढाँचामा** आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ। | (१) लेखा उत्तरदायी अधिकृतले दफा ८ बमोजिम प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही **अर्थ मन्त्रालयले लागू गरेको मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मा** आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ। | निर्धारित ढाँचामा भन्ने शब्दहरू अस्पष्ट भएकोले मन्त्रालयगत सूचना प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ७. | दफा १० को उपदफा (३) को सट्टा नयाँ उपदफा (३) राखिएको। | (३) यस दफा बमोजिम बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नु पर्नेछ। | (३) यस दफा बमोजिम बजेट विनियोजन गर्दा मुलुकको आर्थिक स्थिति र खर्च गर्न सक्ने क्षमता समेतको आधारमा अर्थ मन्त्रालयले बजेट तथा कार्यक्रम प्रस्ताव गर्न वा प्रस्ताव भएको बजेट तथा कार्यक्रममा थपघट तथा परिमार्जन गरी अन्तिम रूप दिन सक्नेछ। प्रस्तावित बजेट तथा कार्यक्रममा कुनै थपघट तथा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ। | विनियोजन सम्बन्धी व्यवस्थालाई थप प्रष्ट गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| ८. | दफा ११ को उपदफा (१) मा संशोधन। | (१) प्रत्येक आर्थिक वर्षको लागि यस ऐन बमोजिम विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा **पन्ध्र दिन अगावै** अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसदमा प्रस्तुत गर्नु पर्नेछ। | (१) प्रत्येक आर्थिक वर्षको लागि यस ऐन बमोजिम विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा **तीन महिना अगावै** अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसदमा प्रस्तुत गर्नु पर्नेछ। | बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता संङ्घीय संसदमा प्रस्तुत गर्ने समय बढाउन तथा पर्याप्त छलफल र सुझावको लागि समयावधि आवश्यक भएकोले। |
| ९. | दफा ११ को उपदफा (२) मा संशोधन। | (२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण सङ्घीय संसदमा पेश भएपछि सङ्घीय | (२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण सङ्घीय संसदमा पेश भएपछि सङ्घीय | संङ्घीय संसदको सुझाव प्राप्त गर्ने समय तोक्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | संसदले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने वा हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा **सात दिनभित्र** त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाउन सक्नेछ। | संसदले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने वा हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा **चैत महिनाको पन्ध्र गतेभित्र** त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाउन सक्नेछ। | |
| १०. | दफा ११ को उपदफा (४) मा संशोधन। | (४) अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि आय व्ययको अनुमान तयार गर्नु अघि सङ्घीय संसदमा पेश गर्ने बजेट तथा कार्यक्रमका सिद्धान्त र **प्राथमिकताको सम्बन्धमा** | (४) अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि आय व्ययको अनुमान तयार गर्नुअघि सङ्घीय संसदमा पेश गर्ने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा **फागुन** | बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा विज्ञ वा सरोकारवालासँग परामर्श गर्ने समय |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नु पर्नेछ। | **<u>महिनाको सात गतेभित्र</u>** सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नु पर्नेछ। | तोक्न आवश्यक भएकोले। |
| ११. | दफा १२ को उपदफा (२) मा संशोधन। | (२) अर्थ मन्त्रालयको पूर्व सहमति बेगर **<u>कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी</u>** खर्चको प्रतिबद्धता जनाउनु हुँदैन। | (२) अर्थ मन्त्रालयको पूर्व सहमति बेगर **<u>कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले नेपाल सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने गरी</u>** खर्चको प्रतिबद्धता जनाउनु हुँदैन। | कुनै कार्यालय र बजेट प्रणाली बाहिरका सार्वजनिक निकायले दायित्व सिर्जना गर्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक भएकोले। |
| १२. | दफा १२ को उपदफा (२) पछि उपदफा (२क) र (२ख) | साविकमा नभएको। | (२क) कार्यालयले क्रमागत तथा बहुवर्षीय आयोजनाको सङ्ख्या र सिर्जित दायित्व समेत विश्लेषण गरी दफा २४ को उपदफा (४) बमोजिम | बहुवर्षीय आयोजनाको स्रोत सहमति लिने कार्यलाई व्यवस्थित गर्न आवश्यक |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | थपिएको। | | अर्थ मन्त्रालयले तोकेको मापदण्डको अधीनमा रही सम्बन्धित मन्त्रालयको आगामी वर्षको बजेट सीमाभित्र स्रोत व्यवस्थापन गर्न सकिने पुष्ट्याइँ सहित योजना आयोग र अर्थ मन्त्रालयमा बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रस्ताव गर्न सक्नेछ। | भएकोले। |
| | | | (२ख) उपदफा (२क) बमोजिम प्रस्ताव प्राप्त भएमा अर्थ मन्त्रालयले स्रोत परिचालन, सञ्चित कोषको अवस्था, सम्भावित स्रोत उपलब्धता, त्यस्तो आयोजनाको औचित्य तथा आवश्यकता समेतका आधारमा स्रोत सहमति दिन सक्नेछ। | |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | | |
| १३. | दफा १२ को उपदफा (३) मा संशोधन। | (३) नेपाल सरकारले **व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन** सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | (३) नेपाल सरकारले **व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व, प्रतिबद्धता व्यवस्थापन र स्रोत सहमति** सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | स्रोत सहमति लिनुपर्ने व्यवस्थालाई स्पष्ट गर्न आवश्यक भएकोले। |
| १४. | दफा १८ को उपदफा (६) पछि उपदफा (६क) थपिएको। | साविकमा नभएको। | (६क) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्बाट क्षति भएको संरचना पुनर्निर्माण गर्नु पर्ने भई रकम उपलब्ध गराउनु पर्ने भएमा सम्बन्धित सङ्घीय मन्त्रालय वा निकायको वार्षिक स्वीकृत कार्यक्रममा नपरेको भए तापनि त्यस्तो मन्त्रालय वा निकायको | विपद्बाट क्षति भएका संरचना पुनर्निर्माणमा तत्काल रकम निकासालाई सुनिश्चितता प्रदान गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | मागको आधारमा विनियोजित कुल बजेटको सीमाभित्र रही अर्थ मन्त्रालयले त्यस्तो रकम निकासा दिन सक्नेछ। | |
| १५. | दफा २० को दफा शीर्षकमा संशोधन। | **२०.<u>रकमान्तर तथा स्रोतान्तर</u> :** | २०.**<u>रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधनः</u>** | कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई समेत समावेश गर्न आवश्यक भएकोले। |
| १६. | दफा २० को उपदफा (४) पछि उपदफा (४क) थपिएको। | साविकमा नभएको। | (४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएको वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रम | कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई समावेश गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ। | |
| १७. | दफा २० को उपदफा (५) मा संशोधन। | (५) बजेटको **रकमान्तर तथा स्रोतान्तर सम्बन्धी** अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | (५) बजेटको **रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी** अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई समावेश गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १८. | दफा २१ को उपदफा (२) मा संशोधन। | (२) विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्र्तगतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको **पहिलो चौमासिकसम्म** विभाजन नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ। | (२) विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्र्तगतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको **असोज मसान्तसम्म** विभाजन नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ। | विनियोजन भएको रकम विभाजन गर्ने समयावधि परिमार्जन गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १९. | दफा २१ को उपदफा (३) मा संशोधन। | (३) विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको **दोस्रो चौमासिकसम्म** खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम **चैत्र पन्ध्र गतेभित्र** अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ। | (३) विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको **माघ पन्ध्र गतेसम्म** खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम **फागुन पाँच गतेभित्र** अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ। | बजेट समर्पण सम्बन्धी समयसीमा मिलाउन आवश्यक भएकोले। |
| २०. | दफा २१ को उपदफा (४) मा संशोधन। | (४) उपदफा (२) वा (३) बमोजिम समर्पण नभएको तर खर्चको फाँटवारीबाट विभाजन नभएको वा **आर्थिक वर्षको दोस्रो** | (४) उपदफा (२) वा (३) बमोजिम समर्पण नभएको तर खर्चको फाँटवारीबाट विभाजन नभएको वा **फागुन मसान्तसम्म** | समर्पण सम्बन्धी कार्यलाई व्यवस्थित र समयसीमा मिलाउन आवश्यक भएकोले। |

| क.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | **<u>चौमासिकसम्म</u>** खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राखी समर्पण गर्न लगाउनेछ। | खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राखी समर्पण गर्न लगाउनेछ। | |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २१. | दफा २२ को सट्टा देहायको नयाँ दफा २२ राखिएको। | २२.<u>**वित्तीय हस्तान्तरणः**</u> सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानून बमोजिम अर्थ मन्त्रालयबाट हुनेछ। | २२. <u>**वित्तीय हस्तान्तरणः**</u> (१) सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानून बमोजिम अर्थ मन्त्रालयबाट हुनेछ।<br>(२) अनिवार्य दायित्व अन्तर्गतको तलब, भत्ता लगायतका कर्मचारीको सेवा सुविधा बापतको रकम विषयगत मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहमा पुनः वित्तीय हस्तान्तरण गर्न सक्नेछ। | प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थालाई स्पष्ट गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | (३) उपदफा (१) बमोजिम सशर्त, समपूरक वा विशेष अनुदान बापत प्रदेश वा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले त्यस्तो बचत रकम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। | |
| २२. | दफा २४ को दफा शीर्षकमा संशोधन। | **खर्च गर्ने कार्यविधि र मापदण्ड** | **खर्चको मापदण्ड, निर्देशिका वा दिग्दर्शन** | कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई समेत समावेश गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २३. | दफा २४ को उपदफा (४) मा संशोधन। | (४) अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन **खर्चको मापदण्ड तोक्न सक्नेछ।** | (४) अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरूपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन **खर्चको मापदण्ड, निर्देशिका, दिग्दर्शन वा आवधिक नगद योजना तर्जुमा गर्न सक्नेछ।** | खर्चको मापदण्ड, निर्देशिका वा दिग्दर्शन तथा नगद योजना तर्जुमा सम्बन्धी प्रत्यायोजित व्यवस्था स्पष्ट गर्न आवश्यक भएकोले। |
| २४. | दफा २४ को उपदफा (५) मा संशोधन। | (५) उपदफा (४) बमोजिमको **मापदण्डको पालना** गर्नु सबै सरकारी निकायका पदाधिकारीको कर्तव्य हुनेछ। | (५) उपदफा (४) बमोजिमको **मापदण्ड, निर्देशिका, दिग्दर्शन तथा आवधिक नगद योजनाको पालना** गर्नु सबै सरकारी निकायका पदाधिकारीको कर्तव्य हुनेछ। | मापदण्ड, निर्देशिका, दिग्दर्शन तथा आवधिक नगद योजनाको पालनालाई प्रभावकारी बनाउन आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २५. | दफा २५ को उपदफा (६) को सट्टा नयाँ उपदफा (६) राखिएको। | (६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिएको आधारमा लेखा राख्न सक्नेछन्। | (६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले त्यस्तो तह वा निकायसँग सम्बन्धित प्रचलित कानूनको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिए बमोजिम लेखा राख्नु पर्नेछ। | प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको लेखा राख्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले। |
| २६. | दफा २५ को उपदफा (६) पछि उपदफा (७) थपिएको। | साविकमा नभएको। | (७) कार्यालय, प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको खाता त्यस्तो सार्वजनिक निकाय गठनसँग सम्बन्धित प्रचलित | कार्यालय, प्रदेश, स्थानीय तह र बजेट प्रणाली बाहिरका निकायको खाता सञ्चालन सम्बन्धी |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | कानूनको अधीनमा रही बैङ्कले निर्धारण गरे बमोजिम सञ्चालन हुनेछ। | व्यवस्था गर्न आवश्यक भएकोले। |
| २७. | दफा ४० को उपदफा (४) पछि उपदफा (४क) थपिएको। | साविकमा नभएको। | (४क.) दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा बेरुजुको व्यहोरा सहित बुँदागत रुपमा उल्लेख भई दफा ४१ को उपदफा (१) बमोजिम छलफल हुने बाहेकको बेरुजु यस दफा बमोजिम फस्यौंट गरी र असुल उपर गर्नु पर्ने भनी औंल्याइएको बेरुजु रकम असुल उपर गरी सञ्चित कोषमा | महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएको बेरुजु फस्यौंट, असुल उपर र लगत कट्टालाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | | दाखिला गरेको निस्सा सहित पेश भएको बेरुजुको लगत कट्टा गर्न बाधा पुगेको मानिने छैन। त्यसरी लगत कट्टा भएमा सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ। | |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २८. | दफा ६२ को उपदफा (२) र (३) मा संशोधन। | (२) उपदफा (१) को प्रयोजनको लागि **महालेखा नियन्त्रक कार्यालयले** आवश्यक सूचना प्रविधिमा आधारित प्रणालीहरू विकास गरी लागू गर्नेछ।<br>(३) उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम **महालेखा नियन्त्रक कार्यालयको** स्वीकृति लिनु पर्नेछ। | (२) उपदफा (१) को प्रयोजनको लागि **अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले** आवश्यक सूचना प्रविधिमा आधारित प्रणालीहरू विकास गरी लागू गर्नेछ।<br>(३) उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम **अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयको** स्वीकृति लिनु पर्नेछ। | अर्थ मन्त्रालय समेत समावेश गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २९. | दफा ६५ को उपदफा (२) र (३) को सट्टा नयाँ उपदफा (२) र (३) राखिएको। | (२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ।<br><br>(३) उपदफा (२) बमोजिम महालेखा नियन्त्रक कार्यालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन नेपाल सरकारबाट | (२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा प्रणाली बनाउन सक्नेछ। तर एउटै प्रणाली अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले बनाउन सक्ने छैन।<br><br>(३) उपदफा (२) बमोजिम अर्थ मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा प्रणाली नेपाल | अर्थ मन्त्रालय समेत समावेश गर्न आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| | | स्वीकृत भएपछि लागू हुनेछ। | सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। | |
| ३०. | दफा ६५ को उपदफा (३) पछि उपदफा (४) थपिएको। | साविकमा नभएको। | (४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजित रकम खर्च गर्ने सम्बन्धमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, अन्य प्रचलित कानून वा उपदफा (३) बमोजिम स्वीकृत मार्गदर्शन, मापदण्ड, कार्यविधि, निर्देशिका वा दिग्दर्शनमा व्यवस्था नभएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले विनियोजित बजेटको सीमाभित्र रही आवश्यक | सम्बन्धित मन्त्रालयले मार्गदर्शन, कार्यविधि, निर्देशिका बनाउने गरी प्रत्यायोजित व्यवस्थापनलाई थप गर्न आवश्यक भएकोले। |

| क.सं. | दफा/उपदफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
| --- | --- | --- | --- | --- |
| | | | कार्यविधि बनाउन सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ। | |